**"कृषि र पशु विकास तथा बजारीकरणमा आधारित सानाकिसान तथा युवा उद्यमशिलता विकास र नमूना गाउँ उन्मुख कार्यक्रम" को लागि कार्य विवरण (Terms of Reference)**

## १. पृष्ठभूमिः

निजी तथा गैर सरकारी क्षेत्रसँगको साझेदारीको माध्यमबाट कृषि, पशु विकास, रोजगारी, आयआर्जनको अवसर, जलवायु परिवर्तन, सहकारी संस्थाहरुको सवलीकरण तथा स्थानीयस्तरमा कृषि तथा पशुवस्तुको उत्पादनको बजारीकरण लगायतका क्रियाकलापहरुबाट नमूना उन्मुख पालिका स्थापनाका लागि साझेदारीको माध्यमबाट गाउँका सानाकिसान, महिला तथा युवाहरुको आर्थिक जिवनस्तरमा सुधार गर्ने उद्देश्यले "माडी गाँउपालिकाको साझेदारी कार्यक्रम संचालन कार्यविधि, २०७९" ले दिएको अधिकार क्षेत्र भित्र रही गैर सरकारी संघ संस्था, नीजि क्षेत्र र यस पालिकाबीच बहुबर्षिय रुपमा **"कृषि र पशु विकास तथा बजारीकरणमा आधारित सानाकिसान तथा युवा उद्यमशिलता विकास र नमूना गाउँ उन्मुख कार्यक्रम" (जसलाई माडी कृषि परियोजना भनिने छ)** सञ्चालन गर्नका लागि यो कार्य विवरण तयार गरिएको छ ।

## २. मुख्य उद्देश्यः

यस परियोजनाको मुख्य उद्देश्य गाँउपालिकाले कृषि तथा पशुविकासको क्षेत्रमा राखेको दिर्घकालिन उद्देश्यमा योगदान गर्नुरहेको छ । यस परियोजनाले प्रत्यक्ष रुपमा परियोजनामा आवद्ध परिवारहरुलाई कृषि उद्यममा संलग्न गराउने, उनीहरुले उत्पादन गरेका कृषि तथा पशुउपजहरुलाई बजारीकरण गर्न सहजीकरण गर्ने लगायत गतिविधिहरु मार्फत आवद्ध घरधुरीहरुको आयस्तरमा सुधार पुऱ्याउने रहेको छ ।

परियोजनाले राखेका निर्दिष्ट उद्देश्यहरु निम्न अनुसार रहेका छन् ।

- स्वावलम्वी समूहहरूमा आवद्ध विपन्न, दलित तथा जनजाति समेतका परिवारहरूलाई सहकारीमा संगठित गरी सामाजिक पूँजीको अभिवृद्धि गर्ने,
- कृषि उपज तथा पशुवस्तुहरूको गुणस्तरिय उत्पादन, उत्पादकत्व र उद्यमशिलता अभिवृद्धि गर्ने,
- कृषि उपज तथा पशुवस्तुहरूको विषयगत क्षेत्रको विकासका लागि संस्थागत संयन्त्र निर्माणार्थ सकारात्मक वातावरण सृजना गर्ने ।

प्रस्तावित योजना मार्फत सञ्चालन गरिने मुख्य क्रियाकलापहरु निम्न अनुसार रहेका छन् । उक्त क्रियाकलापहरु के कति परिमाणमा सञ्चालन गरिने हो, उक्त क्रियाकलापवाट प्रत्यक्ष तथा अप्रत्यक्ष कति परिवारहरु तथा मुल्य श्रृँखलाका पात्रहरु लाभान्वित हुने हुन् स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

- कृषि तथा पशुवस्तुको उत्पादनमा आवद्ध सानाकिसानहरु तथा तिनीहरुका संगठनको सामाजिक पुँजी अभिवृद्धि गर्नु,
- टोल विकास संस्थाहरुको क्षमता विकास गरी नमूना गाउँ उन्मुख बस्ती, वडा हुँदै पालिकालाई नमूना गाउँ बनाउन आधार तयार गर्ने,
- बजार मागमा आधारित कृषि तथा पशुउपजहरुको आपूर्तिमा वृद्धि गर्नु,

- साना किसानहरु संलग्न कृषि तथा पशुवस्तुसंग सम्बन्धित उद्यमलाई नाफामूलक वनाउन मद्धत गर्नु,
- साना किसानहरुको कृषि तथा पशुधन सुरक्षणका लागि वीमामा पहुँच बढाउनु,
- साना किसान तथा आपूर्ति श्रृँखलामा आवद्ध व्यक्ति तथा निकायहरुको व्यवसाय सेवामा पहुँच अभिवृद्धि गर्नु,
- सानाकिसान संस्थाहरुको व्यवसाय तथा बजारीकरण सीप अभिवृद्धि गर्नु,
- कृषि तथा पशुवस्तुहरुको संकलन, प्रशोधन, भण्डारण तथा बजार विकास सम्बन्धी पूर्वाधारहरुको निर्माण तथा पुनःस्थापना गर्नु,
- सानाकिसानहरुले उत्पादन गरेका कृषि तथा पशुवस्तुहरुको मुल्य अभिवृद्धिका लागि प्राविधिक सहयोग तथा सहजिकरण गर्नु,
- लक्षित कृषि तथा पशुवस्तुहरुको उत्पादन, संकलन, प्रशोधन तथा बजार विकास सम्बन्धी कार्यमा सरोकारवालाहरुको संलग्नता अभिवृद्धि गर्नु,
- कृषि तथा पशुपालनमा स्थानीय सरकारको योजना, कार्यान्वयन र अनुगमन क्षमता अभिवृद्धि गर्नु ।

### ३. परियोजना कार्यान्वयन प्रवन्ध

प्रस्तावक संस्थाले परियोजना कार्यान्वयन गर्ने प्रक्रिया स्पष्ट रुपमा उल्लेख गर्नुपर्दछ । परियोजनाले प्रस्तावित घरपरिवारहरुलाई समेट्ने, उनीहरुलाई परियोजनावाट लाभान्वित गराउने, आदि विषय लगायत कार्यान्वयन अवधारणाको प्रक्रिया उल्लेख गर्नुपर्नेछ । संयुक्त उपक्रममा प्रस्ताव पेश गर्नेको हकमा भने सबै पक्षको जिम्मेवारी तथा भूमिका स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । यसका साथै परियोजना व्यवस्थापन प्रक्रिया तथा समन्वय गर्ने निकायहरु तथा ति निकायहरुको जिम्मेवारी तथा भूमिका पनि खुलाउनु पर्नेछ ।

### ४. आवश्यक जनशक्ति

यस परियोजना कार्यान्वयन आवश्यक मानव स्रोत तथा कर्मचारी संख्या (पूर्णकालिन र अल्पकालिन), उनीहरुको व्यवस्थापन तथा परिचालन प्रक्रिया वारे स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

### ५. प्रस्तावित कार्यक्षेत्र र लाभान्वित परिवार

यस परियोजना माडी गाँउपालिकाका ६ वटा वडाहरुमा सञ्चालन गरिने छ । गाँउपालिकाका कुल घरधुरी मध्ये यस परियोजनाले प्रत्यक्ष समेट्ने घरधुरीहरु जम्मा १४५८ हुनेछन् भने अपत्यक्ष रुपमा ३००० घरधुरीहरु संलग्न हुनेछन् ।

### ६. परियोजना अवधिः

यस परियोजनाको समयावधि २०८२ कार्तिक १ गतेदेखि २०८३ असार मसान्त सम्म रहनेछ ।

## ७. परियोजनाको कुल लागतः

प्रस्तावित परियोजनाका लागि यस गाँउपालिकाले आ.व. २०८२/०८३ का लागि रु. १,००,००,००० (अक्षेरुपी एक करोड मात्र)  विनियोजन गर्नेछ । यस बाहेक प्रस्तावक संस्थाले कुल परियोजना लागतको कम्तीमा ३० प्रतिशत लागत साझेदारी मार्फत प्रस्ताव गर्ने रकम समेत खुलाउनुपर्ने छ ।

## ८. अपेक्षित परिणाम

यस परियोजनाले लक्षित सानाकिसानहरुको जीविकोपार्जनमा सुधार ल्याउनुका साथै निम्न विषय क्षेत्रमा परिमाणात्मक तथा गुणात्मक सुधार ल्याएको हुनुपर्नेछ ।

- सामाजिक पूँजीको अभिवृद्धि
- कृषि तथा पशुवस्तुको उत्पादन, उत्पादकत्व अभिवृद्धि
- कृषि तथा पशुवस्तुको मुल्य श्रृँखला सम्बन्धी उद्यमशिलता विकास
- कृषि तथा पशुवस्तुको विषयगत क्षेत्रको विकास
- कृषि तथा पशुवस्तुको आन्तरिक/बाह्य बजारमा बिक्री वितरणमा वृद्धि

**अनुसूची ४**

माडी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, घर्तीगाउँ, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

**साझेदारी कार्यक्रम संञ्चालन गर्न इच्छुक निजी क्षेत्र/गैरसरकारी संघ संस्थाको लागि प्राविधिक प्रस्तावको ढाँचा**

१. परियोजनाको नाम

२. पृष्ठभूमि (प्रस्तावनाको सारसंक्षेप, वर्तमान अवस्था, आवश्यकता र औचित्य)

३. प्रस्तावित कार्यक्षेत्र र लाभान्वित परिवार

४. परियोजनाको लक्ष्य र उद्देश्य

५. अपेक्षित उपलब्धी र प्रभाव (अल्पकालिन र दीर्घकालिन)

६. परियोजनाको कार्यान्वयन विधि

७. परियोजनाका क्रियाकलापहरु

८. परियोजनाको व्यवस्थापन

- व्यवस्थापन संरचना
    - संस्थागत सहकार्य
    - परियोजनाको जनशक्ति र व्यवस्थापन संरचनाको चित्र
- मानवीय संशाधन परिचालन
- परियोजनाको कार्ययोजना

९. प्रतिवेदन

१०. अनुगमन तथा मूल्यांकन

११. परियोजनाको पारदर्शिता

१२. परियोजनाको दिगोपना र हस्तान्तरण

**अनुसूची ५**

माडी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, घर्तीगाउँ रोल्पा

लुम्बीनी प्रदेश, नेपाल

**साझेदारी कार्यक्रम संञ्चालन गर्न इच्छुक निजी क्षेत्र/गैरसरकारी संघ संस्थाको लागि आर्थिक प्रस्तावको ढाँचा**

- साझेदारको कुल लागत रकम । लागत मध्ये नगद प्रतिशत र मानव तथा भौतिक स्रोतको (In Kind) प्रतिशत
- परियोजना सञ्चालन खर्च (तलव, भत्ता तथा कर्मचारी सुविधा, कार्यालय सञ्चालन र व्यवस्थापन, सम्पत्ति खरिद, मसलन्द, आदि)
- कार्यक्रम खर्च (परियोजना क्रियाकलाप कार्यान्वयन खर्च)
- अन्य